**Nepalese Culture**
**Vol. 17 : 113-124, 2024**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v17i1.64422**

# केपिलासगढीको ऐतिहासिक अध्ययन

**शालिकराम राई**
शोधार्थी: विद्यावारिधि, संस्कृति विभाग, त्रि.वि.
shatasak@gmail.com

## लेखसार

*खोटाङ जिल्ला केपिलास गढी गाँउपालिका वडा नम्बर-३ मा अवस्थित केपिलास गढी एक स्मारक महत्त्वको ऐतिहासिक पुरातात्त्विक स्थल हो । यो गढी ऐतिहासिक केपिलास गढी गापाको सप्तेश्वर र बाक्सिलाको सिमानामा ६ हजार ८६ फिट उचाईमा अबस्थित छ । नेपालको इतिहासमा प्राचीन तथा मध्यकाल कालमा राज्य सञ्चालन गर्दा तत्कालीन राजा, शासक, प्रशासक बस्ने आवासगृहलाई कोटघर, गढी, किल्ला, राजगृह भनिन्थ्यो । यी गढीहरूको संरचना भौगोलिक क्षेत्र अनुसार तराई एक खालको संरचना र पहाडको क्षेत्रमा अर्को खालको संरचना बनेको पाइन्छ । सुरक्षा दृष्टिकोणले शत्रुहरूले हतपती आक्रमण गर्न नसकोस भनेर विशेषगरी पहाडी क्षेत्रमा पहाडको डाँडाहरूमा गढी, कोटघर, किल्ला बनाउने चलन थियो । आधुनिक काल नेपाल एकीकरणको अभियान वि.सं. १८३१ सम्म पनि यो गढी अस्तित्वमा थियो भन्ने प्रामाण पाउन सकिन्छ । प्राप्त अभिलेखबाट आज भन्दा ३८१ वर्ष अगाडिसम्म अस्तित्वमा थियो भन्ने प्रमाण पाउन सकिन्छ । यो गढीको ऐतिहासिकता कस्तो थियो ? गढीको प्राचीन स्मारक तथा भग्नावशेष, राजदरबारको भौतिक संरचनाको अवस्था कस्तो रहेको छ ? यस गढ़िको सांस्कृतिक महत्त्व कस्तो छ ? भन्ने सोधप्रश्नको उत्तर खोज्ने क्रममा यो अध्ययन गरिएको हो । यस आलेखमा केपिलास गढीको ऐतिहासिकता पक्ष पहिचान गर्न मुख्य उद्देश्य बनाइएको छ । मध्यकालीन समयमा स्थापना भएको यो ऐतिहासिक गढीको अध्ययन अनुसन्धान विधिमा स्वरूपका दृष्टिले अन्वेषणात्मक प्रकृतिको गुणात्मक अध्ययन बिधि प्रयोग गरिएको छ । तथ्यहरू सङ्कलनको हिसाबले प्राथमिक स्रोत, स्थलगत अबलोकन, स्थानीय जानकारसँगको अन्तरवार्ता, त्यसैगरी द्वितीय स्रोतहरूमा किरात राई समुदायको मौलिक दर्शन मुन्दुम, ऐतिहासिक दस्ताबेजहरू लालमोहर, रूक्का प्रकाशित पुस्तकहरू आदि तथ्यहरू सङ्कलन गरी यसको अध्ययन गरिएको छ । आलेखमा गढीको प्राचीनता, ऐतिहासिक पुरातात्त्विक रूपमा रहेको स्मारकहरू, भग्नावशेष संरचना वर्तमान अवस्थामा कस्तो रहेको छ ? यसको सांस्कृतिक महत्त्वको बिषयहरूलाई प्रकाशमा ल्याउने उद्देश्यले यो अध्ययन गरिएको छ ।*

***शब्दकुञ्जी :*** केपिलासगढी, मुन्दुम, खाई, जेलखाना, राजगृह, कोटघर ।

## पृष्ठभूमि

नेपालको इतिहासलाई प्राचीनकाल, मध्यकाल, र आधुनिक काल गरी तीन कालखण्डमा विभाजन गर्न सकिन्छ । आधुनिक कालको आरम्भ वि.सं. १८२५ पृथ्वीनारायण शाहको उदयसंगै भएको भौगोलिक एकीकरण पछिको काललाई मानिन्छ । यस समयमा नेपाल विभिन्न बाईसी र चौबिसी सा-सानो टुक्रामा विभाजित थियो । वर्तमान मधेश प्रदेश र कोशी प्रदेशमा तत्कालिन सेन कालिन राज्य थियो । जसलाई वल्लोकिरात, माझकिरात र पल्लोकिरात भनी चिनिथ्यो (याक्खाराई, २०५५) । आधुनिक नेपालको इतिहास सुरूआतसगै केपिलास गढीको अस्तित्व पनि समापन भएको देखिन्छ ।

पुरातात्त्विक तथा ऐतिहासिक रूपले स्मारिक महत्त्व राख्ने यी गढी, कोट घर, किल्ला, राजगृहहरूको बारेमा जानकारी हुनु अति महत्त्व भएकोले यस अध्ययनमा केपिलास गढी ऐतिहासिकता, केपिलास गढीको भौतिक संरचनाको अवस्था बारेमा के-कस्तो अवस्थामा छन् । त्यसैगरी यसको सांस्कृतिक महत्त्वको बारे अध्ययन गरिएको छ । पुरातात्त्विक तथा ऐतिहासिक दृष्टिकोणले स्मारक महत्त्व राख्ने यो केपिलास गढी वर्तमान केपिलास गढी गाँउपालिकाको वडा न ३ सप्तेश्वर र बाक्सिलाको सिमानामा ६ हजार ८६ फिट उचाईमा अबस्थित छ । नेपाल एकीकरणको अभियान वि.सं. १८३१ सम्म पनि अस्तित्वमा थियो भन्ने प्रमाण पाउन सकिन्छ ।

मध्यकालीन समय ठानिएको यो गढीमा तत्कालीन राजा/शासक को थिए ? कसरी राज्य सञ्चालन भएको थियो भन्ने बारे आधिकारिक अभिलेख हाम्रो सामु छैन । तसर्थ अन्य प्रमाणहरूले यो क्षेत्र तत्कालिन माझकिरात क्षेत्र भएकोले किरातीहरू नै थिए भन्ने अनुमान गर्न सकिन्छ । सांस्कृतिक रूपमा किरात राई समुदायसँग जोडिएको यो ऐतिहासिक सम्पदाको संरक्षण, संवर्द्धनको गर्न पुरातात्त्विक हिसाबले उत्खनन गरी थप सत्यतथ्य पता लगाउन आवश्यक देखिन्छ ।

## शोध-समस्या

नेपालको इतिहासमा हेर्दा वर्तमान नेपाल प्राचीनकाल, मध्यकालीन समयमा अहिलेको जस्तो एकीकृत सिंगो सार्वभौम राज्य थिएन् । विभिन्न स-सानो बाइसी र चौबिसी राज्यहरूमा विभक्त थियो । जसको राज्य सञ्चालनको केन्द्रलाई गढी, कोटघर, किल्ला आदि भनिन्थ्यो । आधुनिक कालको वि.सं. १८३१ पृथ्वीनारायण शाहको भौगोलिक एकीकरण पुर्व सन्ध्यासम्म पनि यी राज्यहरू अस्तित्वमा थिए । नेपालको केन्द्रिकृत राजनीतिक इतिहास बारे पर्याप्त लेखिएका छन् । तर क्षेत्रीय र स्थानीय राजनीतिक इतिहासहरू भने पर्याप्त छैन, वर्तमान अस्तित्वमा रहेको तर पर्याप्त सोधखोज नभएको केपिलास गढी पनि पर्दछ । त्यसैले यस गढीको ऐतिहासिकताको कस्तो थियो ? वर्तमान समयमा कहाँ, के, कस्तो अवस्थामा छ ? त्यसैगरी यहाँका प्राचीन सम्पदा स्मारकहरूको अवशेषहरू के- के छन् ? र कस्तो अवस्थामा रहेका छन् ? गढीको सांस्कृतिक पक्षहरू कस्तो रहेको छ ? भन्ने सोधप्रश्न उत्तर स्पष्ट नभएको कारण प्रकाशमा ल्याउन यो आलेखन गर्नु सान्दर्भिक ठानिएको छ ।

## शोध-उद्देश्य

प्रस्तुत लेखमा केपिलास गढीको ऐतिहासिकता कति पुरानो हो, प्राचीन स्मारकहरूको अवशेषहरू कस्तो अवस्थामा पाइन्छ ? यस गढीको सांस्कृतिक पक्षहरू कसरी जोडिएको छ भन्ने बारे अध्ययन गर्ने उद्देश्यले

तयार पारिएको छ। केपिलास गढीको परिचय, भौगोलिक अवस्थिति, भग्नावशेषको वर्णन आदि सामान्य उद्देश्य अन्तर्गत पर्दछ । यस गढीको प्राचीन ऐतिहासिकता, पुरातात्त्विक हिसाबले अन्वेषण गर्नु, गढीको सांस्कृतिक पक्षहरू, भौतिक रूपमा भेटिएका प्राचीन स्मारकहरूको अवशेषलाई पता लगाउनु, विश्लेषण गर्नु स्थानीय समुदाय र गढीका सांस्कृतिक सम्बन्धको बारे अध्ययन गरी प्रकाशमा ल्याउनु यस अध्ययनको बिशिष्ट उद्देश्य रहेको छ।

## अनुसन्धान विधि

केपिलास गढीको अध्ययन अनुसन्धान स्वरूपका दृष्टिले अन्वेषणात्मक प्रकृतिको गुणात्मक अध्ययन बिधि हो। विषयवस्तुको हिसाबले यो ऐतिहासिक अध्ययन हो। यसमा चाहिने तथ्यहरू ऐतिहासिक विशेषतायुक्त किसिमका गुणात्मक तथ्य आवश्यक पर्दछ। यिनै तथ्यहरूलाई आधार मानेर अनुसन्धान पुरा गर्न प्राथमिक तथा द्वितीय स्रोतहरू सङ्कलन गरिएको छ। प्राथमिक तथ्यहरूमा ऐतिहासिक तथा पुरातात्त्विक केपिलास गढीको स्थलगत अवलोकन, प्राप्त भौतिक स्मारकहरूको नापजाच, यस गढी संरक्षण समिति, विभिन्न जानकार व्यक्तिहरूसंग अन्तरवार्ता, आदि समाबेस गरिएको छ। त्यसैगरी द्वितीय स्रोत अन्तर्गत विभिन्न यस केपिलास गढी सम्बन्धि प्रकाशित विभिन्न पुस्तकहरू, अप्रकाशित पुस्तक, आख्यानहरू, पत्रपत्रिका, लेख रचना, गाँउघरमा प्रचलित किबदन्ती, सामाजिक संजाल इन्टरनेट र किरात राईहरूको मौलिक दर्शन मुन्दुमलाई समेत आधार मानेर सङ्कलन गरिएको छ।

## मुख्य प्राप्ति

केपिलास गढीको ऐतिहासिक अध्ययनमा खास तथ्यपरक प्रमाणहरू धेरै पाउनु सकिदैन । गतिलो प्रमाण नपाएसम्म भेटिएका प्रमाणहरूलाई नै मुख्य आधार मानेर अगाडि जानुको बिकल्प पनि छैन। यस कारण अहिलेसम्मका पुस्तकहरू, अखिलेख, किराती मौलिक दर्शन मुन्दुम, किबदन्ती मौखिक परम्परालाई मुख्य आधार मानेर प्रकाशमा ल्याउन खोजिएको छ। केपिलास गढी खोटाङ जिल्लाको तत्कालीन गाविसहरू फेदी बाक्सिला, सप्तेश्वर, खार्तान्छा, सुङदेल, दिप्सुंग बासपानी गाबिसहरूलाई मिलाएर अहिले बनेको वर्तमान केपिलास गढी गाँउपालिका हो। यहि गाँउपालिकाको सप्तेश्वर र बाक्सिलाको सिमानामा ६ हजार ८६ फिट उचाईमा यो गढी अबस्थित छ।

केपिलास गढी नामाकरण सन्दर्भमा भौगोलिक हिसाबले यो गढी एरिया (भूगोल) भनेको भरूवा बन्दुकको छुचो आकारको केप जस्तै फैलिएको हुनाले यसको नाम केपा भनिएको हो। र केपामा बसोबास गर्ने मानिसहरू बासी भएकाले यसलाई केपा बासी भए यहि शब्द अपभ्रंश हुदै केपिलास भएको स्थानीय बासीहरूको मत पाइन्छ (राई, राज, २०७८, व्यक्तिगत अन्तरवार्ता)। यो ऐतिहासिक गढीलाई तत्कालिन केप्लास, गादीडाँडा नामले समेत चिनिन्छ। विभिन्न सरकारी अभिलेखहरूमा केप्लास उल्लेख गरिएको पाइन्छ, नापी शाखा कार्यालय खोटाङको अभिलेखमा यसलाई केप्लास भनिएको अभिलेख पाइन्छ। बृहत नेपाली शब्दकोश अनुसार पुर् भनेको नगर/शहर वा बजार भन्ने बुझिने भएकाले त्यसबेलाका शासकहरूले यसलाई ठुलो बस्तीको रूपमा बिकसित गरई सकेका थिए भन्ने बुझिन्छ।

मानव तथा समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा यो गढीको नामाकरण केपिलास शब्द ब्युत्पति हेर्दा कविला र आवास दुई शब्दहरूबाट केपिलास वा केप्लास भनेको हो। कविलाको अर्थ पुरानो रैथाने मानावहरूको समुह र आवास भन्नाले बसोबास क्षेत्र यहि कबिला मानिसहरूको आास वा बसोबास स्थान भएकोले कविला आवास नै अपभ्रंस हुदै कबि वास, केपिलास वा केप्लास भएको हो (राई, २०७४ पृ. ४ देखि ६)। यो गढीको ऐतिहासिकतालाई मध्ये नजर राख्दै राज्यको पुनःसंरचनामा यो गाँउपालिकाको नाम नै केपिलास गढी नामाकरण गरेको देखिन्छ। अझ यसको ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व बढेको छ।

## केपिलास गढीको प्राचीनता

केपिलास गढी कति प्राचीनता भन्ने शोध प्रश्नको उत्तर खोज्ने क्रममा प्राप्त ऐतिहासिक, अभिलेखहरू, विभिन्न प्रकाशित पुस्तकहरू नै आधिकारिक प्रमाण हुन्। सरकारी स्तरबाट प्राप्त अभिलेखहरूलाई हेर्दा खोटाङ जिल्ला मालपोत कार्यालयमा वि.सं. २०२३ साल पछि मात्र यसलाई केप्लासबाट केपिलासमा परिवर्तन गरेको देखिन्छ। अर्को प्राचीन अभिलेख खोज्ने क्रममा भने भारतको गढवाल शरदसिंह पवारको पुस्तकालय (भारत) भोजपत्र काशिकावृत्तिमा लेखिएको भएको एउटा श्लोक नै प्रस्तुत गर्नु भएको छ।

"इति श्री नेपालास्य पुर्बान्चल - खोटाङक्षेत्रवास्य्येन चामलिङरायकुलभुषणेन।

गौरिमायाबलिजादिद्तियात्सेन व्याकरण साहित्यादीसुधारसपानचतुरेण।

हर्कबलिरायपदवाच्येन काव्यासुधानिधिः प्रपुरितः इति सुभम शाके १०१७।" (प्रपन्नाचार्य, शाके १०२८)

यो टिप्पणी पदलाई हेर्दा के बुझ्न सकिन्छ भने यहाँ मिति शाके १०२८ उल्लेख गरेका छन् जसलाई वि.सं. मा लैजादा ११५२ हुन् आउछ। यस समयमा हर्कबली चाम्लिङ उल्लेख गरिएको व्यक्ति पुर्वाञ्चल खोटाङमा बसोबास गरेका थिए भने बुझिन्छ। त्यसैगरी पुर्वाञ्चल खोटाङ समेत उल्लेखित वाक्यले यसको भन्दा पहिले नै आजको राईहरू माझकिरात यो केपिलास क्षेत्रमा बसोबास थियो भन्ने प्रमाणित गर्दछ। तत्कालिन समयमा यी क्षेत्रलाई माझकिरात बस्ती भएको र यहाँको शासन नै किरातहरू नै गर्दथ्यो भन्न सकिन्छ। त्यसैगरी अर्को प्रमाण राष्ट्रिय अभिलेखालयमा रहेको परराष्ट्र मन्त्रालयको कागजात १० नम्बर फाइलमा राखिएको लालमोहरमा "माझकिरातमा झारा माफ" संवत् १८७९ साल असोज १३ शुक्रबार भनि लेखिएको अभिलेख पाइन्छ (इङ्नाम, २०७८)। त्यसैगरी भुमि ब्यबस्था तथा अभिलेख बिगाग, अभिलेख शाखामा रहेको दस्ताबेजमा उल्लेखित वाक्य यस प्रकार छन्।

आगे. संख्या राई हर्क्या राई जागबिर राई बिरानाधन राई, बिराटे राई, के बाक्सिलाको अम्ब मध्ये श्रीनाथ कंम्प् कंपानीका ढडा बाहेक. तिमीहरूले निरौला बाभन सित पनि पसि जित्याका खेत मध्ये बमोजिम तपसिल माफिकको खेत १/० किपट गरि बक्स्यौ, लाग्याको तिरो भरो अमालिलाई मानि डोको बोको तिरी आफ्ना षातिर ज्मा सित किपट जानि भोग्य गर ......... मा. कोट्या सरूप बिष्ट। तपसिलः बाक्सिला. भन्यान्या साटना राई..../ ६० ऐ. चिउरीबोट ऐ..../१६ ऐ. रूचुला पानि ऐ..../८ ब्यालु. उपल्लो ऐ..../१६ इति संबात् १८७८ मार्ग सुदी २ रोज शुभम् (इङ्नाम, २०७८)।

यी दस्ताबेजलाई विश्लेषण गर्दा मा. कोट्या सरूप बिष्टबाट त्यसबेला श्रीनाथ कम्पनीको बाहेक त्यहाको ३ वटा खेत किपट पुनः राईहरूलाई नै फर्काएको देखिन्छ । यसकारण यो क्षेत्रमा राईहरू बसोबास रहेको देखिन आउछ साथै बाक्सिला भन्ने उल्लेखले वर्तमान केपिलास गढी नै पर्दछ । यसैगरी अर्को महत्त्वपूर्ण तथ्य नेपालमा मल्लकालिन समयमा प्रताप मल्लले शंकर भण्डारीलाई दिएको दस्ताबेजमा कविलासपुर (अपभ्रंश केप्लास, केपिलास) मल्लकालीन समय भएको प्रमाण भेटिन्छ । पछि रणबहादुर शाहको पालामा पुनः माझकिरातमा जाचबुझ गर्न जादा सो जग्गाको संधियार उङगोप राई, बिराटे राई, प्रितिबला राई, जनसि राई र आम्बर्या राई भनि उल्लेख गरेको पाइन्छ (नेपाल, २०४५) ।

**नेपालको इतिहासलाई प्राचीन काल :** यो काललाई पनि दुई भागमा विभाजन गरिएको छ, पौराणिक काल (धर्मग्रन्थ पुराण/ बंशावलीमा आधारित, बि.सं ५२१ मानदेव अभिलेख प्राप्तदेखि वि.सं. ९३६ सम्म, **मध्यकालः** वि.सं. ९३६-१८२५ वि.सं. सम्म र **आधुनिक कालः** वि.सं. १८२५ - वर्तमानसम्म गरी तीन कालखण्डहरूमा विभाजन गरिएको छ । यी अभिलेखहरूको आधारमा यो केपिलास गढी बारे वि.सं. ११५२ र हर्कबली चाम्लिङ उल्लेख भएको र पुर्बान्चल खोटाङ समेत बसेको देखिन्छ । त्यसैगरी नेपालको इतिहासमा प्रताप मल्लको काल वि.सं. १६९७-१७३१ हो (याक्खाराई, २०५६) । मल्लकालीन समय १६९८ सम्म रहेको पाउन सकिन्छ । अर्थात यो गढीको अस्तित्व आजभन्दा ३८१ वर्ष अगाडिसम्म पनि थियो भन्ने प्रमाण पाउन सकिन्छ । तसर्थ यो केपिलास गढी मध्यकालीन समयको हो भन्न सकिन्छ ।

## केपिलास गढीको शासक

माझकिरात क्षेत्र यो बहुचर्चित ऐतिहासिक केपिलास गढीमा शासक को थिए ? यस प्रश्नको उत्तर आउने तथ्यहरूको विश्लेषण गर्न जरूरी छ । दुमी राई वंशावलीका अनुसार केपिलास गढीको अन्तिम राजा रोकिबासी र निगुहाह हो । जो दुमी राईको पुर्खा भएको यसभन्दा पहिलेको पुर्खाहरू संख्या राई, हर्क्या राई, जागबिर राई बिरानाधन राई, बिराटे राई पुर्खाहरू पनि जोडिएको देखिन्छ (राई, २०५६ पृ. १३२) । जसको विरताको कथा गाउघर तिर सुन्न पाइन्छ । अझ वंशावालीमा राई गढीको चौतारिया काजी नै भएको उल्लेख पाइन्छ । यस कारण त्यो गढीको राजा हो भन्ने भनाई पाइन्छ । राईले उल्लेख गरे अनुसारः माझकिरात क्षेत्र यो बहुचर्चित ऐतिहासिक केपिलास गढीमा इतिहास प्रमाणित गर्ने महत्त्वपूर्ण तथ्यहरू पेश गरेका छन् । गढी निर्माण हुने कारण, गढीको प्राचीनता, पृथ्वीनारायण शाहको आक्रमणदेखि केपिलास गढी गरेका शासकहरूको वंशावली समेत उल्लेख गरेका छन् । त्यसैगरी प्राप्त विभिन्न अभिलेखहरूबाट उङगोप राई, बिराटे राई, प्रितिबला राई, जनसि राई र आम्बर्या राई भनि दिएको प्रमाण देखिन्छ । केपिलास गढीमा राज्यमा सञ्चालन गर्ने शासक रूपमा को थिए ? यी प्रमाणहरूको आधारमा लेखिएको अभिलेखमा उङगोप राई, बिराटे राई, प्रितिबला राई, जनसि राई दुमी किरात राई हुन् भन्ने बंशावाली पाइन्छ । यहाँ किरात राईहरू बस्ती र यहाँको प्रशासकको रूपमा उनीहरू नै थिए भन्ने अनुमान गर्न सकिन्छ । केपिलास गढीको अस्तित्व कहिलेदेखि थियो ? भन्ने बारे खास जानकार व्यक्तिहरू छैनन् थाहा पाएका पाकाहरू संसारबाट विदा भइसकेका छन् । धेरै कुराहरू पुस्तान्तरण हुन् सकेन । लिखित दस्ताबेजहरूको अभाबमा हजुरबुबा र यो भन्दाअगाडि पालादेखि यस्तै थियो भन्ने पुस्ताको अनुमान मात्र लगाउन सकिने मात्र अवस्था छ । तथापि दुमी राईहरूको पुर्खा राज्य गरेको र वि.सं. १८३१ मा पृथ्वीनारायण शाहले जितेपछि यस गढीको अस्तित्व बिस्तारै बिलिन हुदै गएको हो । त्यसपछि मत्र वर्तमान

अवस्थामा आइपुगेको हो । यो केपिलास गढी मध्यकालीन समयको हो भन्न सकिन्छ । तर यहाँका शासक बारे किरातहरू नै भएको प्रमाण पाउन सकिन्छ (राई, राज, २०७८, व्यक्तिगत अन्तरवार्ता) ।

### ऐतिहासिक तथा पुरातात्त्विक स्मारकहरूको अवशेष

केपिलास गढीको भौतिक संरचनालाई नियाल्दा अझ यसको भग्नावशेषहरू पाउन सकिन्छ । यो गढीको सरदार मापन लम्बाई पुर्वपश्चिम ५७७ फिट, चौडाई १३७ फिट (भिर कटाएर), दक्षिण: १५० फिट (भिरसँगै) रहेको छ । यसको बीच भागमा सेनाहरूले परेड खेल्ने ठाँउ रहेको भौगोलिक रूपमा जग्गा नमिलेको कारण यसको भिर पाखासम्मको चौडाइ जम्मा ४७२ फिट रहेछ । सुरक्षाको हिसाबले गढीको वरिपरी विभिन्न खाल्टो वा (स्थानीयले खाई भनि सम्बोधन गर्दछन्) खाई स्थापना गरिएको पाएको छ ।

### गढीको पुर्वतिरको खाई/खाल्टा

सुरक्षाको हिसावले केपिलास गढीको चौडाई ८ फिट र लम्बाई ६० फिट भएको एक खाल्टा पूर्वतिर भागमा रहेको छ । यसको गहिराई ५ देखि ७ फिटसम्म देखिन्छ, कुनै पनि बाहिरी आक्रमण हुनबाट सुरक्षित हुन यसको प्रयोग हुने गर्दथ्यो होला ? बर्षेनी पानी परेकाले अलिक पुरिएको देखिन्छ ।

### दोस्रो खाई/खाल्टा

यस गढीको सुरक्षागार्ड पोष्टको छेउमा अर्को एउटा खाई रहेको छ । यसको चौडाई २० फिट र लम्बाई १८० फिट रहेको छ । तर अहिले माटोले भरिसकेकोले कति गहिराई थियो भन्ने अनुमान गर्न गाह्रो छ । वि.सं. १८३० पृथ्वीनारायण शाहको सैनिकसंग यहाका सेना युद्व गर्दा कयौ किराती सेनाहरूले बीरगति प्राप्त गरेका थिए । जसको कारण यसलाई रगते खोल्सा समेत भन्न थालियो । अहिले पनि यसबाट भित्र पार हुनलाई सागु थाप्न पर्ने अवस्था छ । दक्षिणतिरको खाईमा भने पर्खाल लगाएर (व्यक्ति) बारी बनाएको देखिन्छ (राई, चतुरभक्त, २०७८ व्यतिगत अन्तरवार्ता)

### तेस्रो खाई/खाल्टा

केपिलास गढीको अन्तिम तथा तेस्रो खाइको निर्माण क्रमश तेस्रो, चौथो तह हुँदै निर्माण गर्दै लागेको देखिन्छ । वास्तवमा सुरक्षाको हिसाबले यसरी निर्माण भएको सुरक्षा घेराको प्रकृति उस्तै उस्तै देखिन्छ लम्बाई, चौडाई उचाई हेर्दा त्यहाको भौगोलिक वनावटीलाई मुख्य आधार मानिएको देखिन्छ । तर संरक्षणको हिसाबले यी खाईहरूमा विस्तारै विस्तारै माटोले पुरिंदै गएको कारण निकै नियाल्नु पर्नेहुन्छ ।

### जेलखाना

यस केपिलास गढीमा एउटा जेल खाना रहेको छ । तत्कालीन न्यायिक प्रणाली हरेक गढी कोट घरहरूबाट नै संचालित हुन्थ्यो । कुनै पनि व्यक्तिले अपराध कसुर गरेको आधारमा सजाय तोकिन्थ्यो । त्यस्ता अपराधिहरूलाई जेल खानामा राख्ने प्रचलन थियो । यसको चौडाई २५० फिट, लम्बाई ३० फिट, जेल दुवार चौडाई २ फिट, लम्बाई ३ फिट र गहिराई १० फिट रहेको छ । यो सबै ढुँगाहरूबाट निर्माण भएको पाइन्छ । त्यसैले यसलाई प्राकृतिक जेलको रूपमा लिन सकिन्छ । यसको गहिराइको सतह पुर्वबाट पश्चिम तर्फ मोडिएको

पाइन्छ। जेलको मुख्य ढोकामा प्रवेशद्वार पातलो ढुंगा राखिएको छ। तर यो ढुंगालाई क्षति पुराएको देखिन्छ। हाल जेलखानको गहिराई वर्षको पानीको कारण पुरिंदै आएको छ त्यसकारण डर लाग्दो देखिदैन यद्दपी भित्र जानलाई भरेङ्गको सहयोग भने लिनुपर्छ। प्राचीन समयमा कुनै न्याय सम्पादन गर्ने प्रणाली सुलीकोट आदि बाट गर्थ्यो (राई, चतुरभक्त, २०७८ ब्यक्तित अन्तर्वार्ता)।

## सुरक्षा चौकी

**पुर्वतर्फ सुरक्षा चौकी :** जेल र कोट घरको बिचमा पर्ने गरि एउटा सुरक्षा चौकी राखेको छ। यसको लम्बाई १० फिट, चौडाई ७ फिट जति रहेको छ। यसलाई क्षति पुराएको कारण अहिले यो पर्खालको जग मात्र रहेको छ। **पश्चिमतर्फ सुरक्षा पोष्टः** कोट घरको पश्चिम तर्फ राज गृहको ४० फिट दुरीमा अर्को सुरक्षा पोष्ट रहेको छ यसको चौडाई २० फिट, लम्बाई २५ फिट रहेको छ। इतिहास अध्यता चतुरभक्त राईका अनुसारः यहाबाट शत्रुहरूलाई टाढा-टाढासम्म धनुकाड हानिन्थ्यो र गढीको सुरक्षा गरिन्थ्यो। **दक्षिणी सुरक्षा पोष्टः** यो पोष्ट वृत्ताकारमा छन्। जुन जस्ताको तस्तै रहेको एक ऐतिहासिक पद चिन्ह पनि हो। यसको जम्मा ब्यास ७० फिट छ, त्यसै गरी चौडाई १८ देखि २४ फिट सम्म रहेको छ। यसको उच्चाई ३ फिट रहेको छ। यसबाट पुवपश्चिम उत्तरदक्षिण सबैतिर सजिलै हेर्नु वा अबलोकन गर्न सकिने पोष्ट बनेको देखिन्छ।

## राजगृह तथा कोटघर :

केपिलास गढीकोबीच भागमा राजा, सरदार बस्ने र हात हतियार भण्डार गर्ने एउटा घरको भग्नावशेष रहेको छ। यहा अध्ययन गर्दा एउटा फलामको हतियार जस्तो सामान भेटिएकोले यहि हतियार भण्डारण केन्द्र हो भन्न सकिन्छ। यसको लम्बाई २० फिट र चौडाई १४ फिट रहेको छ। यसको गहिराई अहिले पनि ४ फिट ६ इन्च रहेको छ। उत्खनन गर्ने हो भने अझ बढ्न सक्ने अनुमान गरिन्छ। यसै राज गृहको पश्चिम तिर एउटा ढोका रहेको छ। यो दरबारको उच्चाई कति तला र कस्तो थियो भन्ने केहि अनुमान गर्न सकिदैन। यसमा विश्वासनीय कुरा त के छ भने राई समुदायमा मिल्ने तिन चुल्हो छ यसको आधारमा शायद यहा कुलपित्र रहने वा पुजा गर्ने स्थान हो कि भनेर अनुमान गर्न सकिन्छ, (राई, चतुरभक्त, २०७८ ब्यतिगत अन्तरवार्ता )।

## परेड खेल्ने मैदान

केपिलास गढीको मुख्य भागदेखि पश्चिम भागमा एउटा सेना परेड खल्ने ठुलो मैदान छ। स्थानीय कृष्ण ब. राईका अनुसारः यहि सेनाहरू (किराती) परेड खेल्थ्यो। पृथ्वीनारायण शाहले विजय प्राप्त गरेपछि पनि यहाँ उनका सेनाहरू महिनौ दिनसम्म परेड खेल्दथे। यो क्षेत्र ५ रोपनीमा फैलिएको छ। हाल यो जग्गा २ रोपनी ब्यतिगत र बाकी गढी संरक्षण सस्थाको नाममा दर्ता भएको देखिन्छ। यसमा पनि तिन वटा घरहरूको भग्नावशेषहरू पाउन सकिन्छ।

**पहिलो भग्नावशेष :** कवाज मैदानको पूर्व तिर एउटा गृहको भग्नावशेष रहेको छ। जसको लम्बाई २ ९ फिट चौडाई १८ फिट ६ इन्च रहेको छ। पछिल्लो समय खेतीपाती गरेर भग्नावशेष गर्भगृहको हराई सकेको अवस्थामा पुगेको छ।

**दोस्रो भग्नावशेष :** कवाज मैदानको परिसर करिब बीच भागमा अर्को एउटा भवनको भग्नावशेष देखिन्छ । पहिले कस्तो थियो भन्ने थाहा छैन । तथापि अहिलेको अवस्थामा यसको लम्बाई ३३ फिट र चौडाई १८ फिट लामो भएको देखन्छ र यी प्रत्येक भवनको बीच भागमा रूख रोपिएको छ ।

**तेस्रो भग्नावशेष :** यहि कवाज मैदानको पश्चिम तिरको भागमा अर्को भग्नावशेष रहेको छ जसको लम्बाई ३७ फिट र यसको चौडाई २० फिट लामो रहेको छ यी सबैको अवस्था हेर्दा यहा आबासिय गृह थियो भन्ने प्रमाण भेटिन्छ जसको कारण मानब बस्ति नै थियो भन्ने कुराको पुष्टि हुन्छ, (राई, चतुरभक्त, २०७८, व्यक्तिगत अन्तरवार्ता) ।

### केपिलास गढीका सांस्कृतिक पक्षहरू

कुनै पनि स्मारक गढी, ऐतिहासिक सम्पदाको सांस्कृतिक महत्त्व रहेको हुन्छ । यसको सांस्कृतिक महत्त्व पनि किराती समुदायसँग जोडिएर आएको देखिन्छ । किरातहरूको मुन्दुमी भाषा अनुसार पिपिरिचो पिपिरिचों हंगसेमी किराती परम्परामा मुन्दुम (किरात मौखिक दर्शन) नछुङ (धामी)हरूले धेरै लामो समय अघिदेखि मौखिक रूपमा गायन गर्दै आएको पद्यात्मक श्लोक हो । खास गरीकन पूर्वी पहाडमा बसोबास गरिरहेका किरात (जिरेल, सुरेल, हायु, थामी, सुनुवार, राई, याक्खा, लिम्बू) हरूमा यो बौद्धिक परम्परा कायम छ । मुन्दुम किरातहरू धार्मिक दर्शनको रूपमा रहँदै आएको छ । र खासखास अवसरमा संस्कार गर्दा मात्र नछुङहरूले गायन गर्ने भएकोले मुन्दुमलाई संस्कार गीत पनि भन्न सकिन्छ (चाम्लिङ, भोगीराज २०७८ व्यक्तिगत अन्तरवार्ता) । मुन्दुम विभिन्न ऐतिहासिक स्थलहरू बारेमा नि हुने हुनाले केपिलास गढी बारे केहि उल्लेख गरिएको पाइन्छ जसको छोटो अंश प्रस्तुत गरिएको छ ।

(यसलाई नेपाली भाषामा अनुबाद गर्दा बिहानी नै घाम झल्कने चुचुरो डाँडा, तिमि ता अगाडिदेखि नै आएको शीर हौ अहिलेको होइन, तिमि देवको रूपमा पुज्य छौ भन्ने बुझिन्छ । यसको अर्थ यो क्षेत्रमा किरातीहरू बसोबास गर्दछन् त्यसकारण उनीहरूले अहिलेको होइन परापुर्वकालेदेखि नै मानी ल्याएको मान्यता छ । तर कहिलेदेखि यो गढी अस्तित्व थियो भन्ने कुरा चाहि मुन्दुमा तिथि मिति उल्लेख नहुने भएकाले भन्ने सकिने कुनै आधार भने पाइदैन ।

## छलफल तथा निष्कर्ष

केपिलास गढीको ऐतिहासिक पक्षहरू, प्राचीन स्मारक र भग्नावशेषको संरचनाको (भौतिक संरचना) अध्ययन, यसको सांस्कृतिक पक्षको अध्ययनबाट एउटा निष्कर्षमा पुग्न सकिन्छ । ऐतिहासिक अभिलेखहरू प्राचीन अभिलेख खोज्ने क्रममा भारतको गढवाल शरदसिंह पवारको पुस्ताकालय (भारत) भोजपत्र काशिकावृत्तिमा लेखिएको भएको एउटा श्लोकमा शाके १०२८ उल्लेख गरेका छन् । यो वि.सं. मा ११५२ हो । यस समयमा हर्कबली चाम्लिङ, पूर्वाञ्चल खोटाङ उल्लेखित वाक्यले यसको भन्दा पहिले नै आजको राईहरू माझकिरात यो केपिलास क्षेत्रमा बसोबास थियो भन्ने प्रमाणित गर्दछ ।

अर्को प्रमाण राष्ट्रिय अभिलेखालयमा रहेको परराष्ट्र मन्त्रालयको कागजात १० नम्बर फाइलमा राखिएको लालमोहरमा माझकिरातमा झारा माफ संबत् १८७९ साल असोज १३ शुक्रबार भनि लेखिएको

अभिलेख पाइन्छ। त्यसैगरी भुमि ब्यबस्था तथा अभिलेख बिगाग, अभिलेख शाखामा रहेको दस्ताबेजमा उल्लेखित संख्या राई हर्क्या राई जागबिर राई बिरानाधन राई, बिराटे राई, बाक्सिलाको केपिलासका बासिदा हुन् र चौतारिया, काजी, दिवान भएर प्रशासन गरेका हुन् भन्ने बुझिन्छ।

इतिहास अर्को महत्त्वपूर्ण प्रमाण वंशावली हो। दुमी राई वंशावलीका अनुसार केपिलास गढीको अन्तिम राजा रोकिबासी र निगुहाह हो जो दुमी राईको पुर्खा भएको यसभन्दा पहिलेको पुर्खाहरू संख्या राई, हर्क्या राई, जागबिर राई बिरानाधन राई, बिराटे राई पुर्खाहरू पनि जोडिएको देखिन्छ। जसको वीरताको कथा गाउघर तिर सुन्न पाइन्छ। अझ वंशावालीमा उल्लेख भए अनुसार संख्या राई गढीको चौतारिया काजी नै भएको उल्लेख पाइन्छ। किरातहरूको मुन्दुमी भाषा अनुसार पिपिरिचो पिपिरिचों हंगसेमी किराती परम्परामा मुन्दुम (किरात मौखिक दर्शन) नछुङ (धामी)हरूले धेरै लामो समय अघिदेखि मौखिक रूपमा कथन गर्दै आएको पाइन्छ। पुरातात्त्विक हिसाबले यस गढीको प्राचीन स्मारक, राजगृह आदि भौतिक संरचना अझ जीवित पाइन्छ तर जिर्ण छ यसको संरक्षण गर्न जरूरी देखिन्छ।

यी अभिलेखको आधारमा यो केपिलास गढीको प्राचीनता भनेको मल्लकालीन (मध्यकाल) समय हो। सांस्कृतिक, ऐतिहासिक त्तथा पुरातात्त्विक हिसाबले अति नै महत्त्वपूर्ण स्थान वि.सं. १६९८ सम्म पनि अस्तित्वमा थियो। यो गढीको अस्तित्व आजभन्दा ३८१ वर्ष अगाडिसम्म पनि थियो भन्ने पुष्टि हुन्छ। यी सबै अभिलेखहरूबाट केपिलास गढीमा मध्यकालीन समयको हो भन्ने प्रमाण पाइन्छ र पृथ्वी नारायण शाहको भौगोलिक एकीकरण पश्चात मात्रा यो गढी को अस्तित्व अन्त्य भएको हो भन्न सकिने निष्कर्षमा पुग्नु सकिन्छ।

## सन्दर्भ सामग्रीसूची


इङ्नाम, भगिराज (वि.सं. २०७७). *लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह,* साझा प्रकाशनको छापाखाना।

चेमजोङ, इमानसिह (सन् १९४८). *किरात इतिहास,* किरात याक्थुङ चुम्लुङ, केन्द्रीय समिति।

नेपाल, ज्ञानमणि (वि.सं. २०५५). *माझकिरातको संक्षिप्त सिंहावलोकन,* भोजपुरे सेवा समाज।

प्रपन्नाचार्य, स्वामी (वि.सं. २०१०). *प्राचीन किरात इतिहास,* किरातेश्वर प्रकाशन।

मेचीदेखि महाकालीसम्म (वि.सं. २०३१). *श्री ५ को सरकार,* सुचना विभाग, सञ्चार मन्त्रालय।

याक्खाराई, दुर्गाहाङ (वि.सं. २०५६). *किरात हिजो आज,* किरात राई यायोक्खा।

राई, चतुरभक्त (वि.सं. २०६२). "किरात राईहरूको केहि धार्मिक तथा सांस्कृतिक ऐतिहासिक स्थलहरूको परिचय र त्यसको संरक्षण" एक चर्चा *चाम्लिङ,* वर्ष २ अङ्क २-४, किरात राई चाम्लिङ, चाम्लिङ, खाम्बातिम।

राई, चतुरभक्त (वि.सं. २०५५). "दुमी बंशावाली" *इसिलिम* अङ्क ४, कार्तिक, दुमी राई फन्सिकिम।

राई, चतुरभक्त (वि.सं. २०७४). "केपिलासगढी उपर पृथ्वीनारायण शाहको आक्रमण, एक राजनीतिक घटनाक्रम" राई, तारामणि र भोगीराज चाम्लिङ (सम्पा. २०७४) किरात क्षेत्रको गढी : स्थलगत अध्ययन र ऐतिहासिक कागजपत्रहरू, ललितपुर, आदिबासी जनजाति उत्थान राष्टिय प्रतिष्ठान ।

राई, टंकबहादुर (वि.सं. २०५३) *किरात भुमि र किरात जनजीवन,* उत्तर कुमार चाम्लिङ राई ।

## अनुसूची -१

**तस्बिर क, केपिलास गढीको भग्नावशेष (ढुँगाको पर्खाल)**






स्रोतः फोटो शोधार्थी स्वयम

### तस्बिर ख, केपिलास गढी पूर्व तर्फको दृश्य






स्रोतः फोटो शोधार्थी स्वयम




स्रोतः फोटो शोधार्थी स्वयम



स्रोतः  फोटो शोधार्थी स्वयम